# गण्डकी प्रदेश सभा

## नवौँ अधिवेशन

## बैठक संख्या -१

## सूचनापत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**मिति २०८२ साल चैत्र ८ गते, आइतबार**

---

गण्डकी प्रदेश सभाको आजको बैठक माननीय सभामुख कृष्ण प्रसाद धितालको अध्यक्षतामा दिनको १:१४ बजे प्रारम्भ भयो।

तत्पश्चात माननीय सभामुखले माननीय प्रदेश प्रमुखबाट प्राप्त गण्डकी प्रदेश सभाको अधिवेशन आह्वान सम्बन्धी पत्र पढेर सुनाउनुभयो।

तत्पश्चात माननीय सभामुखले बैठकमा उपस्थित सबै माननीय सदस्यहरुलाई स्वागत गर्नुभयो।

तत्पश्चात संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका जनयुद्ध, जनआन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान शहिदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्न आ-आफ्नो स्थानबाट उठेर १ मिनेट मौनधारण भयो।

तत्पश्चात माननीय सभामुखले गण्डकी प्रदेश सभाका पूर्वसदस्य कृष्ण बहादुर थापाको निधन भएकोमा निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित भयो।

**"शोक प्रस्ताव"**

"गण्डकी प्रदेश सभाका पूर्व प्रदेश सभा सदस्य श्री कृष्ण बहादुर थापाको मिति २०८२ साल फागुन २८ गते बिहिबारका दिन भएको असामयिक निधनप्रति गण्डकी प्रदेश सभा गहिरो दुःख व्यक्त गर्दछ ।

वि.सं. २०५४ सालदेखि २०५९ सालसम्म तत्कालीन पोखरा उपमहानगरपालिकाको नगरप्रमुखका रूपमा कार्यभार सम्हाल्नुभएका स्वर्गीय कृष्ण बहादुर थापा वि.सं. २०७४ सालमा सम्पन्न प्रदेश सभा सदस्य निर्वाचनमा कास्की जिल्ला निर्वाचन क्षेत्र नं. २ (१) बाट नेपाल कम्युनिष्ट पार्टी (एमाले) राजनीतिक दलबाट प्रदेश सभा सदस्य पदमा निर्वाचित हुनुभएको थियो । उहाँ इमान्दार, कर्तव्यनिष्ठ तथा जनताप्रति समर्पित जनप्रतिनिधिका रूपमा परिचित हुनुहुन्थ्यो। उहाँले प्रदेशको विकास, समृद्धि तथा लोकतान्त्रिक अभ्यासको सुदृढीकरणका लागि पुऱ्याउनुभएको योगदान सदैव स्मरणीय रहनेछ।

उहाँको निधनको यस दुःखद घडीमा गण्डकी प्रदेश सभाको यो बैठक उहाँप्रति गहिरो शोक प्रकट गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ र शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

तत्पश्चात स्वर्गीय कृष्ण बहादुर थापाको आत्माको चिर शान्तिको लागि उठेर एक मिनेट मौन धारण भयो । तदनन्तर सभाको अर्को बैठक मिति २०८२ साल चैत्र ८ गते दिनको १:५० बजे बस्नेगरी ३० मिनेटको लागि स्थगित भयो।

.....................

(गोविन्द पौडेल)

प्रदेश सभा सचिव